# अरुण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# प्याउली, भोजपुर

पत्र सं. ०७८/७९ | १ नं. प्रदेश नेपाल

च.नं. १२९४ | मितिः २०७८/११/४

**विषयः- दाबी विरोध गर्न आउने सम्बन्धी सूचना ।**

भोजपुर जिल्ला अरुण गाउँपालिका वडा नं. ३, प्याउली स्थित अध्यक्ष श्री सम्बर बहादुर मगरको अध्यक्षतामा गठन भएको **वेदना खोला विजयबास खानेपानी उपभोक्ता समिति** अरुण गाउँपालिका वडा नं. ३, प्याउली, भोजपुरले अरुण गाउँपालिका वडा नं. ३ प्याउलीको लाप्से सामुदायिक वन क्षेत्रको सार्वजनिक मुहानबाट खानेपानी योजना संचालन गर्न **वेदना खोला विजयबास खानेपानी उपभोक्ता समिति** अरुण गाउँपालिका ३, प्याउली भोजपुरको नाममा मुल/मुहान दर्ता गर्न अरुण गाउँपालिका प्याउली, भोजपुरमा निवेदन दिएकाले सो निवेदन अनुसार उक्त योजना संचालन गर्दा र निज समितिको नाममा मुल/मुहान दर्ता गर्दा कोही, कसैको हक दाबी भए वा उल्लेखनीय प्रतिकुल असर पर्ने भएमा तत् सम्बन्धी विवरणहरु खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र खानेपानी, सिचाई तथा जलउत्पन्न प्रकोप कार्यविधि २०७७ को परिच्छेद ३, नियम १० को उपनियम ७ बमोजिम सम्बन्धित पक्ष/व्यक्तिले दाबी विरोधको लागि अरुण गाउँ कार्यपालिकाको कार्यालय प्याउली, भोजपुरमा निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र दाबी विरोध पर्न नआएमा पछि कुनै उजुर बाजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गरिन्छ ।

सूर्यबहादुर भण्डारी

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत